# आकाशवाणी समाचार- नेपाली

मितिः १५ अक्टुबर २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

१. राष्ट्रपति द्रौपदी मुर्मुले सांस्कृतिक सम्पदा र लोकतान्त्रिक मूल्य मान्यता भारत-मंगोलिया सम्बन्धको आधारशिला भएको बताउनु भएको छ।

२. प्रधानमन्त्री नरेन्द्र मोदी भोलि आन्ध्र प्रदेशको भ्रमणमा जानुहुनेछ। उहाँले कुर्नूलमा 13 हजार चार सय तीस करोड़ रुपियाँ बराबरका विभिन्न विकास परियोजनाहरूको उद्घाटन र शिलान्यास गर्नुहुनेछ।

३. रक्षामन्त्री राजनाथ सिंहले आज नयाँ दिल्लीमा ब्राजिलका उप राष्ट्रपति गेराल्डो अल्कमिनसँग भेटवार्ता गर्नु हुनेछ।

४. भारतले आजदेखि संयुक्त राज्य अमेरिकामा अन्तर्राष्ट्रिय डाक सेवाहरू पुनः शुरु गर्दैछ।

५. राजस्थानको जैसलमेर नजिकै बसमा आगलागी हुँदा २० जनाको मृत्यु भएको छ भने १५ जना घाइते भएका छन्। मृतकका परिवारलाई प्रतिव्यक्ति २ लाख रुपियाँ र घाइतेलाई प्रतिव्यक्ति पचास हजार रुपियाँ राहत दिने घोषणा गरिएको छ।

**राष्ट्रपति-मंगोलियाका राष्ट्रपति**

राष्ट्रपति द्रौपदी मुर्मुले सांस्कृतिक सम्पदा र लोकतान्त्रिक मूल्य मान्यता भारत-मंगोलिया सम्बन्धको आधारशिला भएको बताउनु भएको छ। हिजो राष्ट्रपति भवनमा मंगोलियाका राष्ट्रपति खुरेलसुख उखना र उहाँको प्रतिनिधि मण्डललाई स्वागत गर्नु हुँदै राष्ट्रपति मुर्मुले दुई देश रणनीतिक साझेदार भएको र आध्यात्मिक सम्पदाले पनि जोडिएको बताउनु भएको छ। उहाँले विगत २५ वर्षमा भारतले मंगोलियामा विभिन्न सांस्कृतिक परियोजनाहरू पूरा गरेको उल्लेख गर्नु भयो जसमा बौद्ध मठहरूको पुनर्स्थापना र प्राचीन पाण्डुलिपिहरूको पुनर्मुद्रण समावेश छ। उहाँले भन्नु भयो, भारत समयमै चलिरहेका परियोजनाहरू पूरा गर्न प्रतिबद्ध छ र यी परियोजनाहरूले भारत-मंगोलिया मित्रता र सहयोगको दीर्घकालीन प्रतीकको रूपमा काम गर्नेछन्। उहाँले विश्वास व्यक्त गर्नु भयो, दुई देशहरूबीचको सांस्कृतिक आदान प्रदान कार्यक्रमहरूले सम्बन्धलाई अझ बलियो बनाउनेछन्। राष्ट्रपतिले भन्नु भयो, भारतले मंगोलियासँग विकास र क्षमता निर्माण साझेदारीलाई सर्वोच्च प्राथमिकता दिन्छ।

राष्ट्रपति द्रौपदी मुर्मुले विभिन्न विश्वव्यापी प्लेटफर्महरूमा दुई देशहरूबीचको घनिष्ठ सहयोगको प्रशंसा गर्नु भयो। भेटघाटको क्रममा दुई नेताहरूले द्विपक्षीय सम्बन्धलाई अझ बलियो बनाउन सहमत भए। श्रीमती मुर्मुले मंगोलियाका राष्ट्रपतिको सम्मानमा भोज पनि आयोजना गर्नु भएको थियो।

**प्रधानमन्त्री आन्ध्र प्रदेश**

प्रधानमन्त्री नरेन्द्र मोदी भोलि आन्ध्र प्रदेशको भ्रमणमा आउनुहुनेछ। उहाँले नन्द्याल जिल्लाको श्रीशैलमस्थित श्री भ्रमरम्बा मल्लिकार्जुनस्वामी वरला देवस्थानममा प्रार्थना गर्नुहुनेछ। श्री मोदीले श्री शिवाजी स्फूर्ति केन्द्रको पनि भ्रमण गर्नुहुनेछ। भोलि दिउँसो, प्रधानमन्त्रीले कुर्नूलमा 13 हजार चार सय तीस करोड़ रुपियाँ बराबरका विभिन्न विकास परियोजनाहरूको उद्घाटन र शिलान्यास गर्नुहुनेछ। यी परियोजनाहरू उद्योग, विद्युत वितरण, सडक, रेलवे, रक्षा उत्पादन, पेट्रोलियम र प्राकृतिक ग्यास क्षेत्रहरूमा फैलिएका छन्। तिनीहरूले राज्यमा समावेशी सामाजिक-आर्थिक विकास, क्षेत्रीय पूर्वाधार र औद्योगिकीकरणलाई प्रवर्द्धन गर्ने लक्ष्य राखेका छन्। प्रधानमन्त्रीले यस अवसरमा एक सार्वजनिक सभालाई पनि सम्बोधन गर्नु हुनेछ।

**राजनाथ सिंह-ब्राजिल मन्त्रीस्तरीय बैठक**

रक्षामन्त्री राजनाथ सिंहले आज नयाँ दिल्लीमा ब्राजिलका उप राष्ट्रपति गेराल्डो अल्कमिनसँग भेटवार्ता गर्नु हुनेछ। ब्राजिलका रक्षामन्त्री जोसे मुसियो मोन्टेइरो फिल्हो पनि उपस्थित हुनु हुनेछ। रक्षा मन्त्रालयले दुई देशबीचको रक्षा सम्बन्धको समीक्षा हुने बताएको छ। सैन्य र रक्षा उद्योग सहयोग लगायत पारस्परिक हितका मुद्दाहरूमा पनि छलफल हुनेछ।

**भारत-साउदी कपडा**

साउदी अरेबियाका उद्योग एवं खनिज संसाधन उप मन्त्री खलील इब्न सलामाहको नेतृत्वमा रहेको उच्च स्तरीय प्रतिनिधिमण्डलले हिजो नयाँ दिल्लीमा केन्द्रीय वस्त्र सचिवसँग भेट गरी वस्त्र क्षेत्रमा द्विपक्षीय सहयोगलाई अझ सुदृढ पार्ने उपायहरूबारे छलफल गरेको छ। यो बैठक दुई देशबीचको व्यापार र लगानी सम्बन्धलाई अझ गहिरो बनाउने दिशामा एक प्रमुख कदम हो, जसले प्रमुख आर्थिक क्षेत्रहरूमा सहयोग बढाउने उनीहरूको साझा प्रतिबद्धतालाई प्रतिबिम्बित गर्दछ।वाणिज्य तथा उद्योग मन्त्रालयले एक विज्ञप्तिमा भनेको छ, बैठकले रणनीतिक साझेदारी परिषद्को रूपरेखा अन्तर्गत सम्बन्धलाई सुदृढ पार्ने प्रतिबद्धतालाई प्रतिबिम्बित गर्दछ। यसले भनेको छ, दुवै पक्षले आफ्नो बलियो आर्थिक सम्बन्धलाई पुन: पुष्टि गरे, आर्थिक वर्ष २०२४-२५ मा द्विपक्षीय व्यापार ४१ अरबभन्दा बढी पुग्ने अनुमान गरिएको छ। भारत साउदी अरेबियाको कपडा र पोशाक क्षेत्रको दोस्रो ठूलो आपूर्तिकर्ताको रूपमा देखा परेको छ। भारतले २०२४ मा साउदी अरेबियाको कुल कपडा र पोशाक आयातको ११.२ प्रतिशत हिस्सा हासिल गरेको छ।

**भारत-अमेरिकी डाक सेवा**

भारतले आजदेखि संयुक्त राज्य अमेरिकामा अन्तर्राष्ट्रिय डाक सेवाहरू पुनः शुरु गर्दैछ। सञ्चार मन्त्रालयले एक विज्ञप्तिमा भनेको छ, भारतीय डाक विभागले अमेरिकी भन्सार र सीमा सुरक्षासँगको समन्वयमा एक व्यापक प्रणाली विकास र अनुपालन संयन्त्र स्थापना गरेको छ। यो नयाँ प्रणालीले पूर्ण नियामक अनुपालन, द्रुत भन्सार क्लियरेन्स र कुनै अतिरिक्त शुल्कबिना संयुक्त राज्य अमेरिकामा निर्बाध मेल डेलिभरी सुनिश्चित गर्नेछ।

**जीएसटी सुधारहरू - तेलङ्गाना**

प्रधानमन्त्री नरेन्द्र मोदीले घोषणा गरेका जीएसटी सुधारहरू गत महिनाको २२ तारिखमा लागू भएको थियो। प्रधानमन्त्रीले यसलाई "बचत महोत्सव" भन्नु भएको थियो, जसले सम्पूर्ण देशलाई फाइदा पुर्‍याइरहेको छ।
वस्तु तथा सेवा कर सुधारहरूको प्रभावमा हाम्रा तेलङ्गानाका विभिन्न उद्योगहरूलाई संशोधित दरहरूले प्रदान गरिरहेको बढावाको बारेमा प्रस्तुत छ एक रिपोर्ट -

**पंजाब- पाकिस्तान तस्करी**

पाकिस्तानमा रहेका तस्करहरूले पञ्जाब सीमा हुँदै भारतमा लागूऔषध तस्करी गर्न आफ्नो सञ्जाल फैलाउन नयाँ तरिकाहरू खोजिरहेका छन्। बीएसएफ, पञ्जाब फ्रन्टियरका उच्च पदस्थ स्रोतहरूलाई उद्धृत गर्दै, हाम्रा संवाददाताले जानकारी दिएका छन् कि पाकिस्तानी तस्करहरूले कानुनी छानबिनबाट बच्नको लागि पहिले तस्करी रेकर्ड नभएका नयाँ अनुहारहरूलाई प्राथमिकता दिइरहेका छन्। उनीहरूले आफ्ना भारतीय समकक्षीहरूलाई नाबालिगहरूलाई कुरियरको रूपमा भर्ती गर्न पनि आग्रह गरिरहेका छन् ताकि पक्राउ परेमा, उनीहरूलाई नाबालिग भएको कारणले जेलमा नपारियोस्।

**राजस्थान दुर्घटना**

हिजो राजस्थानको जैसलमेर नजिकै एसी स्लीपर बसमा आगलागी हुँदा २० जनाको मृत्यु भएको छ भने १५ जना घाइते भएका छन्। घटना जैसलमेर-जोधपुर राजमार्गमा दिउँसो ३:३० बजेतिर भएको हो। पोखरणका विधायक प्रताप पुरीले सञ्चारमाध्यमलाई बताउनु भए अनुसार सर्ट सर्किटका कारण दुर्घटना भएको मानिन्छ।दुर्घटनाको समयमा बसमा ५० भन्दा बढी व्यक्ति सवार थिए। घाइतेहरूलाई जोधपुरको महात्मा गान्धी अस्पतालमा भर्ना गरिएको छ। अधिकारीहरूले पीडितहरूको शव

नराम्ररी जलेको र डीएनए परीक्षणमार्फत उनीहरूको पहिचान गरिने बताएका छन्। जैसलमेरका जिल्ला शासक प्रताप सिंहले बेपत्ता यात्रीका परिवारलाई जिल्ला प्रशासनमा सम्पर्क गर्न आग्रह गर्नु भएको छ। मुख्यमन्त्री भजनलाल शर्माले हिजो साँझ दुर्घटना स्थलको भ्रमण गर्नु भयो र  पछि जोधपुर अस्पतालमा घाइतेहरूसँग भेट गर्नु भयो। राष्ट्रपति द्रौपदी मुर्मुले दुर्घटनाप्रति दुःख व्यक्त गर्नु हुँदै शोकसन्तप्त परिवारप्रति गहिरो समवेदना व्यक्त गर्नु भयो।

**उत्तर प्रदेश-उज्ज्वला दिवाली**

उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथले आज प्रधानमन्त्री उज्ज्वला योजना (पीएम-उज्ज्वला योजना) अन्तर्गत महिला लाभार्थीहरूलाई वर्षमा दुई पटक नि:शुल्क खाना पकाउने ग्यास उपलब्ध गराउने योजनाको सुरुवात गर्नु हुनेछ। यसले चाडपर्वको मौसममा राज्यका १ करोड ८६ लाख महिलाहरूलाई राहत प्रदान गर्नेछ।

****** ० ******